# सार्वजनिक यातायात आचार संहिता

**नेपाल सरकार**

**श्रम तथा यातायात व्यवस्था मन्त्रालय**

**यातायात व्यवस्था विभाग**

कोटेश्वर, काठमाडौं

**२०६८ जेठ**

# विषय सूची


१) पृष्ठभूमी

२) प्रस्तावना

३) संक्षिप्त नाम र प्रारम्भ

४) परिभाषा

५) उद्देश्य

६) सार्वजनिक यातयातमा पालन गर्नुपर्ने आचार संहिताहरू

७) अनुगमन समिति

  ७.१ केन्द्रिय आचार संहिता (कार्यान्वयन तथा) अनुगमन समिति

  ७.२ अंचलस्तरीय आचार संहिता (कार्यान्वयन तथा) अनुगमन समिति

  ७.३ (कार्यान्वयन तथा) अनुगमन समितिको काम कर्तव्य र अधिकार

८) कार्यान्वयन गर्ने निकाय

९) विविध

१०) यातायात सम्पर्क

## १ पृष्टभूमी

नेपालमा सवारी साधनको प्रयोग वि.स. १९९६ साल देखि भएको हो । यातायातको विकासको क्रममा त्रिभुवन राजपथको निर्माण पछि मात्र देशको राजधानी लगायतका क्षेत्रमा सवारी साधनको प्रयोग शुरू भयो । सडकको विस्तारसंगै निजी तथा भाडाका सवारीको आगमन शुरू भयो । देशभित्र रेल्वे सेवाको विस्तार हुन नसक्नु र हवाई सेवा सर्वसाधारणको पहुंच भन्दा बाहिर रहेको अवस्थामा सडक यातायातको प्रमुख अंगको रूपमा रहेको सवारी साधनको नेपाली जनजीवनमा महत्वपूर्ण योगदान रहेको छ ।

आ.ब.२०६६।६७ को अन्त्य सम्ममा आई पुग्दा नेपालभरमा १०,१५२७१ सवारी साधन दर्ता भई सकेको छ । यसै गरि देशको ७० जिल्ला सडक संग जोडिएको र ग्रामिणस्तरमा पनि सडक बनाउने लहर नै चलेको हुँदा दिनानुदिन सार्वजनिक सवारी साधनको वृद्धिसंगै यस्ता सवारीमा यात्रा गर्ने यात्रुको संख्या पनि उल्लेख्य रूपमा बढेको छ ।  हाल अनुमानित दैनिक करीब ५० हजार सार्वजनिक सवारी साधन संचालन हुन्छन् भने दैनिक करीब १० लााख मानिसहरू यात्रा गदर्छन् ।

वर्तमान समयमा बढदो यात्रु तथा सवारी साधनको व्यवस्थापन गरी सार्वजनिक सवारीलाई भरपर्दो, सुरक्षित, महिलामैत्री, वातावरणमैत्री तथा सर्वसाधारणको पहुँच भित्र पुर्‍याउनु वर्तमान समयमा चुनौतीको रूपमा रहेको छ । यातायातको क्षेत्रमा खास गरी सार्वजनिक यातायातको क्षेत्रलाई गुणस्तरीय, सुविधाजनक तथा महिला तथा वृद्ध मैत्री बनाउनै पर्ने आवश्यकता टडकारो रूपमा देखा परेको छ । सवारी

तथा यातायात व्यवस्था ऐन २०४९ र नियमावली २०५४ र यातायात निर्देशिका २०६० ले पनि यस तर्फ व्यवस्था गरेको छ ।

सार्वजनिक यातायातका साधनहरूमा समेत लैङ्गिक हिंसाका घटनाहरू हुने गरेको सम्बन्धमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले सार्वजनिक यातायातको क्षेत्रमा लैङ्गिक हिंसा बिरूद्धको आचार संहिता तर्जुमा गरी लागू गर्ने भनि मिति २०६७।९।१ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बसेको अन्तर मन्त्रालयस्तरीय बैठकको निर्णयलाई कार्यान्वयन गर्ने समेत उद्देश्यले समग्र यातायात क्षेत्रलाई नै समेटने गरी सरोकरवालाहरूसंग सहभागितामूलक छलफलबाट यो **सार्वजनिक यात्रुवाहक यातायात आचार संहिता २०६७** तयार गरिएको छ । यस आचार संहितालाई पालन गर्न, गराउन सम्बन्धित सबै खासगरी यातायात व्यवसायी, यातायात मजदुरहरू, ट्राफिक प्रहरी, यातायात व्यवस्था विभाग तथा मातहतका यातायात व्यवस्था कार्यालयहरू र नागरीक समाजको सहयोग हुने अपेक्षा राखिएको छ ।

## २. प्रस्तावना

आचार संहिता सभ्य समाजको गहना हो । आचार संहिताले एकातिर समाजलाई सभ्यता र शिष्टता तर्फ डोहोऱ्याउँछ भने अर्कोतर्फ यसले समाजको परिष्कृत रूपलाई अगाडि ल्याउँछ । भनिन्छ आचार संहिता त्यो अगुवा हो जसले समाजलाई सामान्यबाट बिशिष्टता तर्फ लैजान्छ ।

नेपालको यातायात क्षेत्र विविध कारणले गर्दा तुल्नात्मक रूपमा अझ मर्यादित बनाउनु पर्ने आवश्यकता देखा परेको छ । लामो तथा छोटो दुरीका हजारौ सवारी साधनहरूमा दैनिक लाखौ यात्रीहरूले यात्रा गर्छन् । यात्रीहरूको उल्लेख्य संख्याको कारणले नै यस क्षेत्रको

आर्थिक कृयाक्लापमा गतिशिलता आई हजारौले रोजगारी समेत पाई रहेका छन् । प्रत्यक्ष र अप्रत्यक्ष रूपमा लाखौ व्यक्तिहरूसंग दैनिक रूपमा जोडिएको यस क्षेत्रलाई शिष्ट, मर्यादित र सम्मानित र सुरक्षित बनाउनु अपरिहार्य भई सकेको महसुस गरिएको छ ।

सार्वजनिक यात्रुवाहक यातायातको क्षेत्रमा खास गरी अशिष्ट भाषाको प्रयोग हुने गरेको, महिला तथा शारिरिक अपाङ्गता भएका व्यक्तिहरूलाई असहज हुने व्यवहार गरिने, तोकिएको भन्दा बढी भाडा लिन गरेको, आरक्षित सिटमा आरक्षित समूहले यात्रा गर्न नपाउने, तोकिएको समयमा तोकिएको स्थानबाट नछुट्ने तथा सोही अनुसार नपुऱ्याउने जस्ता गुनासाहरू सुनिने गरेको छ । नेपालका विभिन्न् स्थानहरूमा खासगरि लामो दुरीमा रात्री सेवा समेत संचालनमा रहेका छन् । रात्री सेवाबाट यात्रा गर्दा महिलाहरूले एकलै यात्रा गर्न नसक्ने वा डराएको अवस्थामा यात्रा गर्नु पर्ने अवस्था समेत विद्यमान छ ।

सार्वजनिक यात्रुवाहक सवारीका क्षेत्रमा सुनिने थुप्रै गुनासाहरू छन् तथा यस्ता गुनासाहरू सबै आधारहिन पनि छैनन् । नेपाल एक सार्वभौम गणतन्त्रात्मक मुलुक हो । नेपालको अन्तरीम संविधान २०६३ ले प्रत्येक नेपालीको यात्रा (आवत जावत) गर्न पाउने अधिकारलाई सुरक्षित गरको छ । सार्वजनिक यातायातको क्षेत्रमा खासगरी महिला, केटाकेटी, वृद्ध, वृद्धा तथा शारिरिक अपाङ्गता भएका व्यक्तिहरूको हितलाई सुरक्षित गर्दे, यो क्षेत्रमा कार्यरत रहने जनशक्तिलाई पनि आदर्श नागरीकका रूपमा स्थापित गर्नु पर्ने आवश्यकता देखिएको सन्दर्भमा यसै सदाशयतालाई अगाडि बढाउने हेतुले यो **यातायात आचार संहिता २०६७** बनाई लागु गरिएको हो ।

### ३. संक्षिप्त नाम र प्रारम्भः

क) यो आचार संहिताको नाम **सार्वजनिक यातायात आचार संहिता २०६७** रहेको छ ।

ख) यो आचार संहिता नेपाल सरकारले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

ग) यो आचार संहिता पालन गर्नु गराउनु सबैको नैतिक दायित्व हुनेछ ।

### ४. परिभाषा

यातायात आचार संहिता भन्नाले सार्वजनिक यात्रुवाहक सवारी साधनहरूको सेवा संचालनका क्रममा  सदाचार, सद्भाव तथा सुरक्षा शिष्टता तथा मर्यादा कायम राख्न पालन गर्नु पर्ने आधारभूत नियमहरू हुन् । यस्ता नियमहरू कतिपय कानूनका धाराहरूमा उल्लेख गरिएका पनि छन् भने कतिपय सभ्य समाजका सर्वस्वीकृत मान्यता र मूल्यहरू हुन् । यो आचार संहिताको पालन गर्नु सबैको कर्त्तब्य हो र यसलाई उल्लंघन गर्नु कानुनी रूपमा दण्डनीय तथा सामाजिक रूपमा अनैतिक हनेछन् । यातायात आचार संहिता यससंग सम्बन्धित सबै खास गरी सार्वजनिक सवारीका धनी तथा संचालक, कर्मचारी, यात्रु लगायत अन्य सम्बद्ध सबैले पालन गर्नु पर्नेछ ।

सार्वजनिक यात्रुवाहक यातायात आचार संहिता सबैसंग सरोकार राख्ने बिषय हो । यसले ठूलो क्षेत्रलाई ओगटेको हुन्छ । यो संग एकातिर राज्यले आफना नागरीकहरूलाई उपलब्ध गराउने सुविधा र सहुलियत जस्तै महिला तथा शारिरीक अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक यातायातमा आरक्षण उपलब्ध गराउने बिषय

ईत्यादि पर्दछन् भने यसका साथै राज्यले अन्तर्राष्ट्रिय मञ्चमा विभिन्न् बिषयमा समय समयमा गरेका प्रतिबद्धता जस्तै लैङ्गिक हिंसा बिरूद्धको प्रतिबद्धता, बालश्रम बिरूद्धको अन्तर्राष्ट्रिय सन्धीमा गरेको प्रतिबद्धता ईत्यादि समेत जोडिएको छ ।

सार्वजनिक यातायातमा महिला तथा शारीरिक अपाङ्गता भएकाहरूले उनीहरूका लागि आरक्षित सिटमा बस्न नपाउनु, सवारी साधनमा कर्मचारी प्रयोग हुने भाषा शिष्ट तथा महिला मैत्री नहुनु, सवारी साधन भित्र महिलाहरूलाई असहज हुने व्यवहार गरिनु, सार्वजनिक सवारीमा महिला बिरूद्ध आचरणलाई उत्प्रेति गर्ने उद्दरण लेखिनु, पोस्टर तथा चित्र टांसिनु, सवारी चलाउंदा बाटोमा महिलाहरूलाई आहत गर्ने उद्धेश्यले सवारी चलाउनु (जस्तै बर्षामा पानी जमेको स्थानमा तिब्र गतिमा सवारी चलाएर पैदल यात्री (खासगरी महिला) लाई भिजाउनु), रात्रीबसमा महिला सवारी यात्री प्रति दुराशय राखिनु जस्ता बिषयहरू बिरूद्धको अभियान नै **यातायात आचार संहिता २०६७** हो ।

**५ उद्देश्य :**

क) नेपालभरि संचालन हुने सार्वजनिक यात्रुवाहक सवारी साधनहरूमा यात्रा गर्ने महिला केटाकेटी, शारिरिक अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै यात्रु तथा सवारीका कर्मचारीहरूको यात्रा सहज, सुखदायी र सुरक्षित होस भन्ने कुराको सुनिश्चितता गर्ने,

ख) सार्वजनिक यात्रुवाहक सवारी साधनहरूमा आरक्षित सिटमा आरक्षित समूहले नै प्राथमिकताका साथ बसेर यात्रा गर्न पाउन तथा यस्ता सवारीमा प्रयोग हुने अमर्यादित भाषा, अपमाजनक शब्द, असहज व्यवहार प्रदर्शन, अश्लिल शब्द तथा चित्र ईत्यादि प्रयोग गर्ने कार्य निरूत्साहित गर्ने,

ग) सार्वजनिक यात्रुवाहक सवारी साधनका संचालक तथा कर्मचारीहरूको छविलाई मर्यादित र उच्च पार्दै, यस व्यवसायलाई समाजमा अझ सम्मानित बनाउने ।

## ६. सार्वजनिक यातायातमा पालना गर्नु पर्ने आचार संहिताहरूः

१) सार्वजनिक यात्रुवाहक सवारी साधनमा चालक, परिचालकले यात्रुहरूसंग तथा यात्रुहरूले पनि चालक तथा परिचालकसंग शिष्ट तथा सभ्य भाषामा कुराकानी गर्नुपर्नेछ । यात्रुवर्गले आपसमा कुराकानी गर्दा तथा खास गरी पुरूषहरूले महिलाहरूसंग शिष्ट र सभ्य भाषाको प्रयोग गर्नु पर्नेछ । सवारी भित्र खासगरी महिला बृद्ध तथा बालबालिका मैत्री वातावरण हुनु पर्नेछ । यस्ता बिषयमा सवारी धनी, सवारी संचालकहरूले कर्मचारीहरूलाई आवश्यक प्रशिक्षण दिने तथा संचेतना बढाउने व्यवस्था मिलाउनु पर्नेछ ।

२) महिला तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षित सिटमा अनिवार्य रूपमा उनीहरूले नै बस्न पाउनु पर्नेछ । साथै वृद्ध-वृद्धा तथा बिरामीहरू तथा खास गरी गर्भवती महिलाहरूलाई, नावालक सहितका महिलाहरू प्राथमिकताका साथ सिट उपलब्ध गराउनु पर्नेछ । रात्री सेवामा यात्रा गर्ने महिलाहरूलाई प्राथमिकताका साथ महिलासंगैको सिट उपलब्ध गराउनु पर्नेछ ।

३) सवारी चालक तथा परिचालकले बाटोमा महिला, शारीरिक अपाङ्गता भएका व्यक्ति, बिरामी तथा वृद्ध वृद्धाहरूलाई भेटेमा अनिवार्य रूपमा प्राथमिकता साथ सवारी साधनमा यात्रा गराउनु पर्नेछ । बाटोमा यस्ता व्यक्तिहरूले सवारी साधन रोक्न हात उठाएमा, अनिवार्य रूपमा सवारी साधन रोक्नु पर्नेछ ।

४) सार्वजनिक यात्रुवाहक सवारी साधन भित्र कसैले पनि धुम्रपान तथा मद्यपान गर्न पाउने छैन । यस्ता सवारी साधनमा अश्लिल, महिला बिरूद्धका उद्दरणहरू लेख्न, लेखाउन तथा अश्लिल चित्र, पोस्टर टाँस्न पाईने छैन् । यस्ता उद्दरणहरू लेखिएको तथा पोस्टरहरू (चित्र समेत) टांसिएको भएमा तुरून्त मेटाउनु/हटाउनुपर्नेछ ।

४.१ यस्ता सवारी साधनमा सार्वजनिक हित जनिने तथा उच्च नैतिकतामुखी तथा महिला हिंसालाई दुरूत्साहित गर्ने उद्दरण लेख्न प्रोत्साहन गरिनेछ । सार्वजनिक सवारी साधन भित्र कसैले महिलालाई यौन दुर्व्यवहार गरेमा वा गर्न सहयोग गरेमा कानून बमोजिम कारवाही हुनेछ । सवारी साधन भित्र मद्यपान गरेको भेटिएमा प्रहरीले जुनसुकै बखत सवारी साधनबाट बाहिर निकाल्न सक्नेछ ।

५) सार्वजनिक सवारी साधनमा क्षमता भन्दा बढी यात्रु राख्न तथा यात्रुहरूका झिटी गुण्टा बाहेक अन्य मालसामान ढुवानी गर्न पाईने छैन् । यात्रुहरूको झिटी–गुण्टा कुनै कारणले सवारी साधनमा छुटेमा अविलम्ब यस्ता सामानहरू नजिकको यातायात काउण्टर वा प्रहरी चौकीमा बुझाउनु पर्नेछ र यस्ता कार्यालयहरूले पनि प्राथमिकताका साथ सम्बन्धित व्यक्तिलाई बुझाउने व्यवस्था गर्नुपर्नेछ ।

६) चालकले सवारी चलाउदा मोबाईल फोनमा कुराकानी गर्न पाउने छैन । सवारी साधन चलाउँदा चालकले यात्रुहरूसंग कुराकानी गर्न पाउने छैन साथै यात्रुहरूले पनि चालकसंग कुराकानी गर्न पाउने छैनन् । तर सवारी साधन रोकिएको अवस्थामा भने कुराकानी गर्न कुनै बाधा पर्ने छैनन ।

७) सार्वजनिक सवारी साधनहरूले जुन रूटमा चल्ने सवारी साधन हो सो रूटको भाडा सबैले देखिने गरि सवारी साधनमा टाँस

गरी राख्नु पर्नेछ । नेपाल सरकारद्धारा तोकिएको भन्दा बढी भाडा लिन पाईने छैन

८) सार्वजनिक सवारी साधनले सवारी साधनको दर्ता नम्बर सवारी भित्र सबैले देखिने गरि लेख्नु पर्नेछ ।

९) सार्वजनिक यात्रुवाहक सवारी साधन संधै दुरूस्त, सफा तथा यात्रुमैत्री हुनुपर्नेछ तथा सवारी साधनको नियमित चेकजांच तथा मर्मत संभार समेत गरिएको हुनु पर्नेछ । सवारी साधन तोकिएको समयमा तोकिएको स्थानबाट छुट्ने र तोकिएको समयमा तोकिएको स्थान सम्म पुग्ने गरी संचालन गर्नु पर्नेछ ।

१०) सार्वजनिक यात्रुवाहक सवारी साधनका चालक तथा परिचालकले सवारीसंग सम्बन्धित कागजात अनिवार्य रूपमा सवारी साधनमा राख्नु पर्नेछ साथै ट्रफिक प्रहरी, यातायात निरिक्षक वा सम्बन्धित निकायबाट मागिएको बखत तुरून्त उपलब्ध गराउने पर्नेछ । ट्रफिक प्रहरी, यातायात निरिक्षकले सार्वजनिक सवारीका चालक, परिचालक तथा चालक परिचालकले ट्रफिक प्रहरी, यातायात निरिक्षकसंग शिष्ट तथा मर्यादित भाषामा कुराकानी गर्नुपर्नेछ ।

११) लामो तथा मध्यम दुरीका सार्वजनिक यात्रुवाहक सवारी साधनले अनिवार्य रूपमा प्राथमिक उपचारका साधन (First Aid Box) सवारी साथ राख्नु पर्नेछ ।

१२) यात्रुवाहक सार्वजनिक सवारी साधनमा यात्रुहरूलाई चढाउँदा तथा ओराल्दा तोकिएको स्थानमा मात्र ट्रफिक जाम तथा दुर्घटना नहुने गरी, सावधानीपूर्वक चढाउनु तथा ओराल्नु पर्नेछ । यात्रुहरू पनि लाईन लागेर अनुशासित रूपमा सवारीमा चढ्नु तथा ओर्लनु पर्नेछ ।

१३) सार्वजनिक यात्रुवाहक सवारीका चालक तथा परिचालकले अनिवार्य रूपमा परिचयपत्र देखिने गरि झुण्ड्याउनु पर्नेछ ।

१४) सार्वजनिक सवारी साधन बाटोमा बिग्रीएमा वा रोकिने अवस्था आएमा यात्रुहरूलाई अलपत्र नहुने गरी वैकल्पिक व्यवस्था गर्नुका साथै यात्रुहरूले मांग गरेमा दामासाहीले भाडा फिर्ता समेत दिनु पर्नेछ ।

१५) सार्वजनिक यात्रुवाहक सवारी साधनमा यात्रुहरूलाई बाधा पुग्ने गरी म्युजिक तथा भिडियो सिस्टम चलाउन पाईने छैन् । लैङ्गिक हिंसालाई प्रोत्साहित गर्ने वा महिला वर्गको अपमान हुने खालको गीत, संगित वा भिडियो बजाउन वा संचालन गर्न पाईने छैन ।

१६) सार्वजनिक सवारी साधनका चालकले आवश्यक भएमा मात्र हर्नको प्रयोग गर्नु पर्नेछ । हर्न निषेधित क्षेत्रमा हर्नको प्रयोग कुनै पनि हालतमा गर्न पाईने छैन साथै प्रेशर हर्नको प्रयोग दण्डनीय हुनेछ ।

१७) सार्वजनिक यातायातमा कुनै पनि प्रकारको बालश्रमको प्रयोग गर्न पाईने छैन् । यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।

१८) सार्वजनिक यात्रुवाहक सवारी साधनलाई महिला मैत्री बनाउने सन्दर्भमा यस्ता सवारी साधनमा चालक परिचालक तथा कर्मचारी नियुक्ती गर्दा महिलावर्गलाई प्राथमिकता दिनु पर्नेछ । लैगिंक हिसा बिरूद्ध र आचार संहिता सम्बन्धमा संचेतना समेत बढाउनु पर्नेछ ।

१९) सार्वजनिक सवारी साधन पार्किंग गर्दा निश्चित पाकिङ्ग स्थलमा मात्र पाकिङ्ग गर्नुपर्नेछ ।

२०) सार्वजनिक सवारी साधन सम्बन्धी यो आचार संहिताको पालन गर्नु, गराउनु सबैको कर्तब्य हुनेछ ।

## ७ सार्वजनिक यातायातमा पालना गर्नु पर्ने आचार संहिता (कार्यान्वयन तथा) अनुगमन समिति

सार्वजनिक यातायात आचार संहिता कार्यान्वय तथा अनुगमनका लागि देहाय बमोजिमको समितिहरू रहनेछ ।

### ७.१ केन्द्रिय आचार संहिता (कार्यान्वयन तथा) अनुगमन समिति

| | |
|---|---|
| निर्देशक (प्रा.), यातायात व्यवस्था विभाग | –संयोजक |
| प्रतिनिधि, नेपाल (ट्राफिक) प्रहरी | –सदस्य |
| प्रतिनिधि, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ | –सदस्य |
| प्रनिनिधिहरू विभिन्न यातायात मजदुर संघ/संगठनहरू | –सदस्य |
| प्रतिनिधि, राष्ट्रिय महिला आयोग | –सदस्य |
| शाखा अधिकृत (प्रशासन), यातायात व्यवस्था विभाग | –सदस्य सचिव |

### ७.२ अंचलस्तरीय आचार संहिता (कार्यान्वयन तथा) अनुगमन समिति (प्रत्येक अंचलमा)

| | |
|---|---|
| अधिकृत (प्र.), यातायात व्यवस्था कार्यालय | –संयोजक |
| अधिकृत, यातायात व्यवस्था कार्यालय | –सदस्य |
| प्रतिनिधि, नेपाल (ट्रफिक) प्रहरी | –सदस्य |
| अंचल संयोजक, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ | –सदस्य |
| अधिकृत, महिला तथा बालबालिका कार्यालय *(यातायात व्यवस्था कार्यालय रहेको जिल्लाको)* | –सदस्य |
| प्रनिनिधिहरू विभिन्न यातायात मजदुर संघ/संगठनहरू | –सदस्य |
| शाखा अधिकृत/ना.सु, (प्र.), या.व्य. कार्यालय | –सदस्य सचिव |

**७.३ (कार्यान्वयन तथा) अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) नियम ६ अर्न्तगत तोकिए बमोजिमको आचार संहिता पालन भएको वा नभएको भन्ने सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने,

(ख) अनुगमन गर्दा दोषी पाईएमा कसुर अनुसार सम्झाई बुझाई आचार संहिता पालन गर्न लगाउने देखि प्रचलित कानुनबमोजिम दण्ड जरिवाना लगायत गर्ने गर्न लगाउने,

(ग) सार्वजनिक यातायातमा हुने लैगिंक हिसा बिरूद्धको अभियानलाई सशक्त बनाउन आवश्यक उजुरी सुन्न, आवश्यक व्यवस्था मिलाउने ।

## ८. आचार संहिता कार्यान्वयन निकाय

| क्र. सं. | आचार संहिता | कार्यान्वयन गर्ने निकाय | प्रतिफल |
|---|---|---|---|
| १ | शिष्ट भाषामा कुराकानी गर्ने तथा महिला मैत्री वातावारण कायम गर्ने । | सवारी धनी, चालक, परिचालक तथा यात्रुहरू समेत | सवारी भित्र उच्च, मर्यादित तथा सभ्य भाषाको प्रयोग भई सद्भाव कायम हुने । |
| २ | महिला तथा शारिरिक अपाङ्गता भएकाहरूले आरक्षित सिटमा बस्न पाउने । रात्री सेवामा महिलाहरूका लागि १० प्रतिशत सिट छुट्याउने । | सवारी धनी, चालक, परिचालक तथा टिकट काउण्टरका कर्मचारीहरू | महिला तथा शारीरिक अपाङ्गता भएकाहरूलाई सुविधा भई सामाजिक सदभाव कायम हुने । |
| ३ | महिला, वृद्ध, अपाङ्ग वा बिरामी देखेमा सवारी साधन रोकी चढाउने | सवारी चालक तथा परिचालक | महिला वृद्ध, अपाङ्ग वा बिरामीहरूको सार्वजनिक सवारीमा पहुंच सहज हुने । |
| ४ | सवारी साधन भित्र धुम्रपान तथा मद्यपान गर्न नपाउने, महिला विरोधी उद्दरण लेख्न नहुने । | चालक, परिचालक, सवारी धनी तथा यातायात व्यवस्था कार्यालयहरू | सवारी भित्र आर्दश वातावरण हुने भई सौहार्दत कायम हुने । |

| | | | |
|---|---|---|---|
| ५ | क्षमता भन्दा बढी यात्रु तथा सामान राख्न नपाईने । | चालक, परिचालक, सवारी धनी तथा टिकट काउण्टरका कर्मचारीहरू | दुर्घटनाको संभावना न्यून हुने । |
| ६ | सवारी साधन चलाउदा चालकले मोबाईल फोनमा कुराकानी नगर्ने, सवारी चलाउँदा यात्रुसंग पनि कुराकानी नगर्ने । | चालक तथा यात्रुहरू | दुर्घटनाको संभावना न्यून हुने । |
| ७ | तोकिए बमोजिमको भाडा मात्र लिने तथा भाडादर झुण्डाउने । | सवारी धनी, चालक तथा परिचालक | तोकिएको भाडादर लागु भई सबैलाई सुविधा हुने । |
| ८ | सवारी साधन सफा, चुस्त, दुरूस्त राख्नु पर्ने । | सवारी धनी, चालक तथा परिचालक | यात्रा गर्न अनुकूल वातावरण हुने, दुर्घटनाको जोखिम कम हुने । |
| ९ | सवारीसंग सम्बन्धित कागजात सवारीसंगै दुरूस्त राख्ने | सवारी धनी, चालक तथा परिचालक | सवारीको एकिन गर्न सजिलो हुने । |
| १० | सवारी साधनमा First Aid Box राख्ने | सवारी धनी, चालक तथा परिचालक | प्राथमिक उपचार गर्न सहयोग पुग्ने । |
| ११ | तोकिएको स्थानमा मात्र ओराल्ने तथा चढाउने । | चालक, परिचालक तथा यात्रुहरू | ट्रफिक जाम तथा दुर्घटनाको संभावन न्यून हुने । |

| | | | |
|---|---|---|---|
| १२ | चर्को साउण्डमा श्रव्य दृश्य सम्बन्धी उपकरण नचलाउने । | चालक, परिचालक तथा सवारी धनी | असहज वातावारण तथा दुर्घटनाको संभावन न्यून हुने । |
| १३ | अनावश्यक हर्न नबजाउने, प्रेशर हर्नको प्रयोग गर्न नपाईने । | चालक, परिचालक तथा सवारी धनी | ध्वनी प्रदुषण कम हुने । |
| १४ | चालक तथा परिचालकले परिचयपत्र झुण्डाउनु पर्ने | सवारी धनी, चालक, परिचालक तथा सेवा संचालकहरू | कर्मचारीको पहिचान स्पष्ट हुने । |

## ९. विविध :

यस आचार संहितमा उल्लेखित कुराको हकमा यसै बमोजिम हुने र बांकी कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

□□□

## यातायात व्यवस्था विभाग तथा अन्तर्गतका कार्यालयहरुको सम्पर्क विवरण

| सि.न | कार्यालयको नाम र सम्पर्क |
|---|---|
| १ | **यातायात व्यवस्था विभाग**<br>फोन नं. ४६०२१२६¸ ४६०१७४३¸ ४६०१००२ फ्याक्स ४६०२४४०<br>email : trans@dotm.gov.np web : www.dotm.gov.np<br>कोटेश्वर, काठमाडौं. |
| २ | **यातायात व्यवस्था कार्यालय मेची**<br>फोन नं. ०२३-५४३३२६ विर्तामोड, झापा |
| ३ | **यातायात व्यवस्था कार्यालय कोशी**<br>फोन. ०२५-५८१०१९ इटहरी, सुनसरी |
| ४ | **यातायात व्यवस्था कार्यालय सगरमाथा**<br>फोन. ०३३-५६०२१७ लहान, सिरहा |
| ५ | **यातायात व्यवस्था कार्यालय जनकपुर**<br>फोन. ०४१ ५२०२०९ जनकपुरघाम, धनुषा |
| ६ | **यातायात व्यवस्था कार्यालय नारायणी**<br>फोन. ०५१-५२२६५८ विरगंज, पर्सा |
| ६.१ | **यातायात व्यवस्था एकाई कार्यालय, नारायणी**<br>भरतपुर, चितवन |
| ६.२ | **यातायात व्यवस्था एकाई कार्यालय, नारायणी**<br>हेटौंडा, मकवानपुर |

| | |
|---|---|
| ७ | **यातायात व्यवस्था कार्यालय साना ठुला/सवारी बागमती**<br>फोन. ५५५५२१५ एकान्तकुना, ललितपुर |
| ७.१ | **यातायात व्यवस्था सेवा केन्द्र,** सल्लाघारी, भक्तपुर |
| ७.२ | **यातायात व्यवस्था सेवा केन्द्र,** सानो भर्‍याङ, काठमाडौ |
| ८ | **भेहीकल फिटनेश टेष्ट सेन्टर**<br>टेकु, काठमाडौं |
| ९ | **यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतीपत्र, बागमती**<br>एकान्तकुना,ललितपुर |
| १० | **यातायात व्यवस्था कार्यालय मोटरसाइकल, बागमती**<br>फोन. ५५४७०३७ ताल्छिखेल, ललितपुर |
| ११ | **यातायात व्यवस्था कार्यालय, गण्डकी**<br>फोन. ०६१-५३३३९४ पोखरा, कास्की |
| १२ | **यातायात व्यवस्था कार्यालय, लुम्विनी**<br>फोन. ०७१-५४६०५९ बुटवल, रुपन्देही |
| १३ | **यातायात व्यवस्था कार्यालय, धवलागिरी**<br>फोन. ०६८-५२२०५१, ०६८-५२०५१९ बागलुङ्ग |
| १४ | **यातायात व्यवस्था कार्यालय, राप्ती**<br>फोन. ०८२-५२२६६२ तुल्सीपुर, दाङ्ग |
| १५ | **यातायात व्यवस्था कार्यालय, भेरी**<br>फोन. ०८१-५२०२८७ नेपालगंज, बाँके |
| १६ | **यातायात व्यवस्था कार्यालय, सेती**<br>फोन. ०९१-५२१३१३ धनगढी |
| १७ | **यातायात व्यवस्था कार्यालय, महाकाली**<br>फोन. ०९९-५२११८१ महेन्द्रनगर, कन्चपुर |

*सुझाव, गुनासोका लागि*


नेपाल सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

**यातायात व्यवस्था विभाग**

फोन ४६०२१२६, ४६०१७४३, ४६०१००२ फ्याक्स ४६०२४४० Email: trans@dotm.gov.np Website : www.dotm.gov.np कोटेश्वर, काठमाडौ